जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ५४ २०८० साल असोज ४ गते बिहीबार (21 Sep. 2023 Thursday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

*यस अंक भित्र :* २ पृष्ठमा : लोकतन्त्र, संघीयता र... ३ पृष्ठमा : नसकिएको संक्रमणकालले कमजोर ... ३ पृष्ठमापूर्वप्रधानमन्त्री सरिफद्वारा...

# संविधान दिवसको अवसरमा प्रभातफेरी




**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

संविधान जारी भएको दिन असोज ३ लाई सरकारीस्तरबाट सप्तरीमा प्रभातफेरी गरि विभिन्न कार्यक्रमसहित मनाइएको छ ।

यस अवसरमा बुधवार विहान जिल्ला प्रशासन कार्यालयले राजविराजमा प्रभातफेरीको आयोजना गरेको छ । तीन दिवसीय कार्यक्रम अन्तर्गत अघिल्लो दिन मंगलवार सरसफाई र विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगितको आयोजना गरेको जिल्ला प्रशासन कार्यलयले दोश्रो दिन बुधवार प्रभातफेरी तथा पुरस्कार वितरण लगायतको कार्यक्रम गरेको हो ।

स्थानीय गजेन्द्र चोकबाट संविधानको सार, शान्ति सुशासन विकास र समृद्धिको आधार, हक मात्र नखोजौ, कर्तब्य पनि पालना गरौं, संविधानको आधार, तीन तहको सरकार लगायतका नारा लेखिएको प्ले कार्डसहित निस्केको ऱ्याली बजार क्षेत्र परिक्रमा पश्चात पुनःसोही स्थानमा पुगी सभामा परिणत भएको थियो ।

प्रभातफेरीमा तत्कालिन

***बाँकी अन्तिम पृष्ठमा***

# संविधान दिवसमा लोसपाको बिरोध कायमै




**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) सप्तरीले असोज ३ लाई विगतका वर्ष झैं यस वर्ष पनि कालो दिन भन्दै विरोध प्रर्दशन गरेको छ ।

स्थानीय पार्टी कार्यालयबाट हात र टाउकोमा कालो पट्टी बाँधेर निस्कीएको जुलुश संविधानमा देखिएको त्रुटी सच्याउन र संशोधनका माँग गर्दै बजार क्षेत्र परिक्रमा गरेको थियो ।

लोसपाका जिल्ला अध्यक्ष सुनिल कुमार झाको अगुवाइमा निस्केको विरोध प्रर्दशनमा पार्टीका केन्द्रिय नेता जय प्रकाश ठाुकर, दिपेन्द्र चौधरी, गजेन्द्र कुमार मण्डल, अमरकान्त झा, पूर्वसांसद चन्द्रकान्त चौधरी, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, राजविराज नगरपालिकाका निवर्तमान नगर प्रमुख शम्भु प्रसाद यादव, निवर्तमान उपप्रमुख साधना झा, महिला नेतृ रिना झा, प्रदेश कमिटी सदस्य ललन मिश्र, कुवँरनाथ मिश्र, युवा नेता राम सागर मण्डल लगायत ठुलो संख्यामा स्थानीय नेता कार्यकर्ताहरु सहभागि थिए ।

२०७२ असोज ३ मा संविधान सभाबाट बहुमतका आधारमा संविधान जारी गर्दा तराई/मधेशका अधिकाँश मुद्दा नसमेटिएको लोसपाका नेताहरुको भनाई छ । संविधान संशोधनका लागी दवाव दिने उद्देश्यले असोज ३ लाई कालो दिवसका रुपमा मनाउने गरिएको र संविधान संशोधन नगरिए सम्म भविष्यमा पनि यस्ता विरोध कार्यक्रमलाई निरन्तरता दिने लोसपाका जिल्ला अध्यक्ष झाले बताए ।

यता संविधानको पुर्नलेखन नै हुनु पर्ने अडान राख्दै आएका मधेशको अर्को शक्तीशाली दल जसपा भने मौन रह्यो । सदरमुकाम राजविराजमा सरकारीस्तरबाट गरीएको कार्यक्रममा समेत सहभागी नभएका जसपाका नेताहरु विरोधको पनि न त कुनै कार्यक्रम आयोजना गरे न त सहभागी भए ।

# राजासहितको हिन्दु राष्ट्र घोषणाको माग गर्दै प्रर्दशन




**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

नेपालको लागी नेपाली पार्टी, नेपाल पिछडा वर्ग किसान महासंघ तथा श्रीराम हनुमान आराधना मण्डल नेपाल सप्तरीले वर्तमान संविधानलाई कालो संविधानको संज्ञा दिदै त्यसको खारेजी तथा राजसंस्था सहितको हिन्दु राष्ट्र घोषणाको माग गर्दै बुधबार प्रर्दशन गरेको छ ।

स्थानीय शिव मन्दिरको प्राङ्गनबाट "असोज ३ कालो दिन, २०७२ को संविधान खारेज गर, राज संस्था सहितको हिन्दु राष्ट्र घोषणा गर, गौ हत्या बन्द गर, २०४७ को संविधान पुर्नस्थापना गर लगायतका नाराबाजी गर्दै संयौको संख्यामा राजवादीहरु नगरको विभिन्न भागको परिक्रमा गरेका थिए ।

प्रर्दशनमा गाउँ गाउँबाट आएका साधु सन्त र महिलाहरुको उल्लेख्य सहभागिता देखिन्थ्यो । प्रर्दशन पछि आयोजित विरोध सभामा नेपालका लागी नेपाली पार्टीका संरक्षक किशोरी महतोले वर्तमान संविधान र सरकार पुर्णरुपमा फेल भईसकेको बताए ।

वर्तमान संविधान तथा आफुलाई ठूला दल भनाउँदाहरुबाट नेपाली जनताको चाहना पुरा गर्न सम्भव नभएको बताउँदै उनले राजनीतिक व्यवस्था परिवर्तनका लागी वर्तमान संविधानको खारेजी तथा २०४७ को संविधानको पुर्नस्थापनाको विकल्प नरहेको दाबी गरे ।

सभामा सहभागी वक्ताहरुले राजासहितको हिन्दु राष्ट्र तथा संविधान खारेजीको घोषणा नभए आन्दोलन चर्काउने चेतावनी समेत दिए ।

# वेवारिसे शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

सप्तरीको सुरून्ङ्गा नगरपालिकामा मंगलबार बिहान एक पुरुषको वेवारिसे अवस्थामा शव फेला परेको छ ।

प्रहरीका अनुसार वडा नं. ४ कदमाहा टोलस्थित गाँउदेखी अन्दाजी तीन सय मिटर पश्चिम माछा पोखरीमा नाम, थर, वतन नखुलेको अन्दाजी ४०/४५ बर्षका पुरुषको शव फेला परेको हो ।

फेला परेकाले पुरुषको शव जाँच मुचुल्का लगायतका कार्य सम्पन्न गरि पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल लहान पठाइएको तथा घटना सम्बन्धमा थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

संविधान दिवस, २०८० भव्य रुपमा मनाऔं।

संविधान दिवस २०८० को अवसरमा असोज २, ३ र ४ गते विभिन्न कार्यक्रमको आयोजना गरौं। घर तथा कार्यालयमा दीपावली गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### संविधानप्रतिको असन्तुष्टि हटाउनु जरुरी

विसं २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएको दिन हो। यस दिन मुलुकले संघीय लोकतन्त्रको संविधान पाएको हो । विगत ८ वर्षदेखी यस दिनलाई संविधान दिवसको रुपमा मनाइदै आइरहेको छ। तर, मधेश केन्द्रित दलहरु यस दिनलाई कालो दिनको रुपमा मनाउँदै आएका छन् । खास गरि संविधानमा त्रृटी रहेको भन्दै लोसपाले यस दिवसलाई कालो दिनको रुपमा सार्वजनिक कार्यक्रम गरेरै बिरोध सभा गर्दै आइरहेको छ । तर, अर्को मधेश केन्द्रित दल जसपाले पनि संविधानप्रति असन्तुष्टि जनाउँदै सरकारीस्तरबाट मनाउने औपचारिक कार्यक्रममा सहभागि नभई र कुनै बिरोधका कार्यक्रम समेत नगरि मौन बस्दै आएको छ । यद्दपी दुबै दल संघ सरकारमा प्रतिनिधित्व समेत गरिरहेका छन् ।

यसरी वर्तमान संविधानप्रति मुलुकका राजनीतिक दलहरुले देखाएको असहमतिप्रति सरकार गम्भिर बन्न सकेको छैन् । जबकी संविधान संशोधन गरेर ती असन्तुष्टि हटाउने प्रावधान समेत रहेको छ । तर यसप्रति कसैको चासो देखिदैन् । असोज ३ गते आयो भने मात्र कसैले खुशियालीमा त कसैले बिरोधमा जुलुस निकाल्ने काम गरिहरेको छ। यो कति दिनसम्म चल्ने हो ! सोही संविधान मातहतमा ती असन्तुष्ट दलहरु विभिन्न राजनीतिक क्रियाकलापमा सहभागि हुन्छन् । र निर्वाचन प्रणालीमा समेत सहभागिता जनाउँछन् अनि सरकारमा पनि सहभागि हुन्छन् । मधेश प्रदेशमा जसपाकै नेतृत्वमा सरकार रहेको छ ।

तसर्थ राजनीतिक दलहरुले संविधानमा रहेका त्रृटीलाई सच्याएर अगाडी बढ्नेप्रति गम्भिर हुनुपर्ने आवश्यकता रहेको छ । अनिमात्र संविधान सम्पूर्ण नेपालीको साझा बन्ने कुरामा दुइमत नहोला । होइन भने यही संविधान नै सर्वोत्कृष्ट संविधान हो भनेर सबैलाई सन्तुष्ट पार्न सक्ने क्षमता देखाउनु जरुरी छ ।

# लोकतन्त्र, संघीयता र समावेशीताको कसीमा संविधान

**धर्मेन्द्र झा/रासस**
काठमाडौँ, ३ असोज ।

बुधबार नवौं संविधान दिवस । विसं २०७२ मा आजकै दिन संविधान जारी भएको थियो । गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले संविधान जारी गरेपछि करिब आठ दशकदेखिको नेपाली जनताको सपना साकार भएको दिन हो असोज ३ ।

यसअघिका कुनै पनि संविधान नेपाली जनता स्वयंले न लेखेका थिए न त जारी नै गरेका थिए । यो पहिलो संविधान हो, जो जनताका प्रतिनिधि (संविधानसभाका सदस्य) ले लेखे र जनताकै प्रतिनिधि (राष्ट्रपति) बाट जारी भयो । संविधान लेख्ने र जारी गर्ने प्रयोजनका लागि दुई/दुईपटक संविधानसभाको गठन भयो । त्यही संविधानसभाले निर्माण गरेको संविधानको आज सम्पूर्ण देशवासीले स्मरण गर्ने र भविष्यका लागि लोकतन्त्र, सङ्घीयता, समानुपातिक समावेशी, समाजवाद, वहुलवाद आदिका पक्षमा प्रतिबद्धता व्यक्त गर्ने दिन हो ।

जनताले आफ्ना प्रतिनिधिमार्फत लेखेको भनिएको संविधानको आजको दिनमा लेखाजोखा गर्नु जरुरी छ । सर्वसाधारण नेपालीका दृष्टिले आज मूल्याङ्कनको प्रयास गर्ने हो भने स्वभाविक रुपले एक महत्वपूर्ण प्रश्न हाम्रासामु उपस्थित हुन पुग्छ, यस अवधिमा देश र जनताले के पाए त ? निश्चय पनि उत्तर सहज छैन । त्यसो त यस अवधिमा गठित सरकारहरूले अनेक दाबी गर्ने गरेका छन् । तर ती सबै दाबी सत्यताको कसीमा खरो उत्रन सक्ने हैसियत राख्दैनन्भन्दा असत्य ठहर्दैन । हुन सक्छ, दाबीहरूका आफ्ना सीमा होलान् तर सैद्धान्तिक रुपले हेर्ने हो भने यो संविधानको कालजयी महत्व छ । यसमा विवाद हुन सक्दैन । यो संविधानले देशलाई एउटा नयाँ परिचय दिएको सत्य हो-सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल । यसैगरी सर्वसाधारण नेपालीलाई पनि परिचय र पहिचान प्रदान गर्नुका साथै अधिकार सम्पन्न बनाउने ध्येय यस संविधानले बोकेको छ, यसमा शङ्का छैन । तर व्यवहारमा यी कुराहरूले कस्तो आकार ग्रहण गर्न सकेका छन् ? यो भने छलफलकै विषय बन्ने निश्चित छ । यो संविधानको सर्वाधिक महत्वपूर्ण पक्ष हो लोकतन्त्रको संस्थागत विकास प्रवर्द्धन ।

लोकतन्त्रले सामाजिक न्यायको प्रत्याभूति दिइरहेको हुन्छ । किनभने, यसको आधारभूमि भनेकै समाजको हितको लागि न्यायपूर्ण समानता हो । अनुभव गरिएको छ विभिन्न ठाउँमा लोकतन्त्रलाई विभिन्न विशेषणले सुसज्जित गर्न खोजिन्छ तर त्यहाँ लोकतन्त्रको कुनै गन्ध पनि हुँदैन । संसारका कुख्यात तानाशाहहरूले समेत आफ्नो राज्य प्रणालीको प्रक्रियालाई कहीँ न कहीँ लोकतान्त्रिक व्यवस्था भन्न रुचाउँछन् । निरङ्कुश एकतन्त्रीय शासन पनि एक प्रकारको लोकतन्त्र नै हो भन्ने देखाउने बाध्यता उनीहरूलाई परेको देखिन्छ । तर लोकतन्त्र हुन आवधिक निर्वाचनद्वारा निर्वाचित जनप्रतिनिधिहरूको नियन्त्रणमा व्यवस्थापिका, त्यस्तो व्यवस्थापिकाप्रति उत्तरदायी कार्यपालिका र स्वतन्त्र न्यायपालिका हुनैपर्छ । यसैगरी, मानवअधिकार, प्रेस स्वतन्त्रता, सामाजिक न्याय र लैङ्गिक समानताद्वारा सम्पूर्ण विभेद्कारी कानुन र प्रचलनको अन्त्य गरेको हुनुपर्दछ । लोकतान्त्रिक शासन व्यवस्थाका तीन खम्बा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका एकआपसमा सकारात्मकरूपले जनतालाई स्वायत्त बनाउन समन्वयकारी भूमिका निर्वाह गरिरहेको हुनुपर्दछ ।

वास्तवमा लोकतन्त्र उपर्युक्त तत्वहरूको प्रतिस्पर्धात्मक र समन्वयकारी साझा संस्कृतिको नाम हो । लोकतन्त्रका अनेक स्वरुप र प्रयोगका किसिमहरू स्वयं लोकतन्त्रभित्रका आन्तरिक सवालहरूका उत्तरहरू हुन् । जनताको सर्वोपरिता नै लोकतन्त्रको वास्तविक अर्थ हो । जनतामाथि थिचोमिचो गर्न जनताको नाम भजाउने राज्य, अमूर्त किसिमले जनताका नाममात्र लिइरहने तर कहिल्यै जनताको मतद्वारा नचुनिएका, जनप्रतिनिधिद्वारा नछानिएका दलहरू वा उनका प्रतिनिधिबाट लोकतन्त्रको रक्षा हुन सक्दैन । किनभने, त्यहाँ कतै लोकतन्त्रको तत्व विद्यमान रहँदैन । जबकि, त्यस्तैले लोकतन्त्रको नाम बढी जपिरहेको पाइन्छ । यो संविधानले लोकतन्त्रको उपर्युक्त मान्यतालाई अक्षरशः अनुशरण गरेको छ भन्दा अस्वाभाविक ठहर्दैन ।

लोकतन्त्रको सुनिश्चिततापछि यो संविधानले प्रत्याभूत गरेको अर्को महत्वपूर्ण विषय हो स्थानीय स्तरमा स्थानीय स्तरबाटै विकास र जनअधिकारको प्रत्याभूति । संविधानले तीन तहको सरकारको परिकल्पना मात्र गरेको छैन बरु स्थानीय स्तरसम्मै विकासको सशक्त खाका कोर्ने प्रयत्न पनि गरेको छ । स्थानीय तह जनताको सबैभन्दा नजिकको शासकीय संरचना हो । यसै आधारमा स्थानीय तहलाई नजिकको सरकार पनि भन्ने गरिन्छ । लोकतान्त्रिक शासन व्यवस्थामा वास्तवमा जनताले सरकारको अनुभूति यही निकायमार्फत गर्ने अवसर प्राप्त गर्दछन् । यसैले स्थानीय तह जति प्रभावकारी र सुदृढ हुन्छ जनता पनि त्यति नै मजबुत हुन्छन् भन्ने विश्वव्यापी अवधारणा हो । यसै मान्यतालाई आत्मसात गरी स्थानीय तहलाई शक्ति र अधिकारसम्पन्न बनाइनुपर्छ भन्ने अवधारणालाई पछिल्लो कालखण्डमा लोकतान्त्रिक शासन व्यवस्था भएका देशमा स्वीकार गरिएको पाइन्छ ।

स्वभाविक रुपले नेपालको संविधानमार्फत् पनि यस अवधारणालाई स्वीकार गरिएको छ र विकासको मूल संयन्त्रका रूपमा स्थानीय तहलाई सबल र सशक्त बनाउने प्रयत्न गरिएको छ । स्थानीय तहलाई सशक्त र अधिकारसम्पन्न बनाउनु भनेको राज्यका शक्तिको विकेन्द्रीकरणको अवधारणालाई आत्मसाथ गर्नु पनि हो । जुन शासन प्रणालीले शक्ति विकेन्द्रीकरणको अवधारणालाई आत्मसात गरेर जनस्तरमा अधिकारहरूको निक्षेपणको मूल्य बुझेको हुन्छ व्यवहारमा त्यही शासनलाई जनताप्रति उत्तरदायी लोकतान्त्रिक शासन व्यवस्थाका रूपमा स्वीकार गर्न सकिन्छ । सबैले बुझनु जरुरी छ, स्थानीय स्तरमा हुने सन्तुलित विकास नै देशको समग्र विकास हो र विकासको यो प्रक्रियाको सञ्चालन राज्यशक्तिको विकेन्द्रीकरणबाट मात्र सम्भव हुन सक्छ ।

शक्तिलाई केन्द्रिकृत गर्ने र नागरिकका सम्पूर्ण प्रकारका अधिकारहरू आफूसँगै राख्ने शासन शैली लोकतान्त्रिक होइन, यो तानाशाही अधिनायकवादी शैली हो । यस दृष्टिले मूल्यांकनको प्रयत्न गर्ने हो भने भन्न सकिन्छ, यस संविधानले लोकतन्त्रको मूल मर्म र मान्यतालाई मन्त्रका रूपमा ग्रहण गरेको छ । राज्यशक्ति र अधिकारको निक्षेपण तल्लो तहसम्म गर्ने अभिष्ट संविधानको हो । संविधान जारीपछिका दिनमा नेपालका स्थानीय तहहरूको भ्रमण र अध्ययन गरेका खण्डमा असन्तुष्ट नै भइहाल्नुपर्ने अवस्था नभएबाट पनि संविधान सही दिशामा अग्रसर छ भन्न सकिने पर्याप्त आधार छ । यति हुँदाहुँदै पनि संविधान कार्यान्वयनको विद्यमान स्थितिका आधारमा पूर्णतः सन्तुष्ट भइहाल्नुपर्ने अवस्था पनि छैन ।

संविधानले स्थापित गरेको अर्को सन्दर्भ हो सङ्घीयता । सत्य हो, संविधानको सफल कार्यान्वयनका दिशामा अनेक चुनौती छन् । सङ्घीयता कार्यान्वयन्को सन्दर्भ यस्तै एक अर्को चुनौती हो । पछिल्ला दिनमा बेलाबखतमा उठिरहने प्रश्न हो, संघीयता कार्यान्वयन्का दृष्टिले देश र जनताले के पाए ? यो स्वयंमा महत्वपूर्ण प्रश्न हो । निश्चय पनि यस प्रश्नको उत्तर भविष्यले संविधान कार्यान्वयन्को जिम्मेवारीमा रहेकाहरूबाट खोज्ने नै छ । यसबीचमा केही यस्ता समूह र वर्ग पनि सक्रिय रहे जसले योजनावद्ध ढङ्गले वैचारिकरूपमा लोकतन्त्रलाई कमजोर बनाउन अनेक प्रपञ्च रचे । जनतामा सङ्घीयताविरुद्ध वितृष्णा उत्पन्न गराउने कार्य पनि गरे ।

लोकतन्त्र र सङ्घीयताका पक्षधरका दृष्टिले निश्चय पनि यो अवस्था दुःखदायी छ । सङ्घीयता कमजोर हुनुको अर्थ हो अधिनायकवाद फस्टाउनु र केन्द्रीयतामा आधारित शासन शैलीको पक्षधरहरू हौसिनु । विगतमा केन्द्रीकृत शासन शैलीले देश र जनताको सन्तुलित विकास हुन नसकेको पृष्टभूमीमा संघीयताको महत्व स्वतः स्पष्ट छ । सङ्घीयतालाई सुनिश्चित गर्न र प्रभावकारी बनाउन प्रदेश सरकारको अवधारणालाई संविधानले स्वीकार गरेको छ । तर पछिल्ला दिनमा प्रदेश सरकारमाथि प्रश्नचिन्ह तेर्स्याउने प्रयत्न विभिन्न कोणबाट भइरहेका छन् । सङ्घीयताका पक्षधरहरूले यस सन्दर्भमा गम्भीर हुनु अपरिहार्य छ । लोकतन्त्र र सङ्घीयता क्रमशः संस्थागत र विकसित हुने शैली हो । नेपालमा सङ्घीयताले विधिवत आकार ग्रहण गर्न थालेको जम्मा आठ वर्ष मात्र भएको छ र यस अवधिमा सङ्घीयताको अभ्यासलाई नकारात्मक भनिहाल्ने स्थितिको विकास भइसकेको छैन । यो यथार्थ हो ।

संविधानको अर्को महत्पूर्ण प्रतिफल हो, समावेशीता र बहुलवाद । नेपालमा एक सय पच्चीसभन्दा बढी जातजाती र भाषाभाषी छन् । नेपाल यी सबै जातजाति र भाषाभाषीको साझा थलो हो । यस देशको विकास गर्न सबैले अवसर पाउनुपर्छ र देशका साथै यस देशका सबै जनताको सन्तुलित रूपमा विकास हुनु आवश्यक छ । यसका लागि आवश्यक छ, शासनमा सबैको सहभागिता र विचार तथा अभिव्यक्तिको स्वतन्त्रता । सारमा यही नै समावेशिता हो । संविधानले राज्य सञ्चालनका परिप्रक्ष्यमा यही समावेशिताको सुनिश्चितताको परिकल्पना गरेको छ ।

माथि उल्लेखित कुराहरू नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेका मुख्य विषय हुन् । संविधानले सैद्धान्तिक रूपमा अंगिकार गरेको मूल कुरा यिनै हुन । हो, यिनको कार्यान्वयनमा समस्या हुन सक्छ । कार्यन्वयन् गर्ने जिम्मेबारीमा बसेका व्यक्तिहरूमा समस्या हुन सक्छ । तर यसको अर्थ संविधान नै बेठीक छ भन्ने निष्कर्ष किमार्थ निकाल्न मिल्दैन । संवादका आधारमा निर्मित यो संविधानले स्वीकार गरेको अर्को महत्वपूर्ण पक्ष संवाद नै हो । यस आधारमा संविधानमा कहीँ कतै कुनै समस्या छन् भने संवादका आधारमा नै तिनको सम्बोधन गरिनुपर्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# नसकिएको संक्रमणकालले कमजोर हुँदै समृद्धिका सपना

हेमन्त जोशी/रासस
काठमाडौं, ३ असोज ।

नेपालको संविधान, २०७२ कार्यान्वयनको आठ वर्ष पूरा भयो । समाजवाद उन्मुख अर्थव्यवस्था संविधानले निर्दिष्ट गरेको गन्तव्य हो । तर पछिल्लो आठ वर्ष अवधिलाई अर्थसामाजिक कोणबाट हेर्दा त्यति सन्तोषजनक अवस्था देखिँदैन ।

नागरिक आकाङ्क्षा पूरा नहुँदा वितृष्णा बढ्दो छ । अवसरका लागि देश छोड्नेको सङ्ख्या पनि बढेको देखिन्छ । देशभित्रै केही गर्छु भनेर लाग्नेहरू प्रायः निराश देखिएका छन् । व्यवस्था बदलिए पनि नबदलिएको अवस्थाबारे अर्थतन्त्रका जानकारहरू भन्छन्, "राजनीतिक अस्थिरता र कहिल्यै नसकिएको सङ्क्रमणकालले नागरिकको समृद्धि सपना पूरा हुन सकेका छैनन् ।"

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा पुष्पराज कँडेल संविधान जारी भएपछि पनि राजनीतिक अस्थिरता कायमै रहेकाले आर्थिक मुद्दा ओझेलमा परेको बताउनुहुन्छ । संविधानले सबै दललाई मिलेर जानका लागि समानुपातिक प्रणालीको व्यवस्था गरेको भए पनि दलहरुबीचकै आपसी लडाइँले आर्थिक समृद्धिका एजेन्डा सधैँ किनारामा परेको उहाँको बुझाइ छ । विसं २०४७ यता यही प्रवृत्ति र नियति नेपालले भोगिरहेको छ ।

"संविधानले लिएको भावना र सिद्धान्त बढी आदर्शमा आधारित छ भन्ने लाग्न थालेको छ । संविधानका लक्ष्य तथा उद्देश्य र वास्तवमा भइरहेका काम विरोधाभासपूर्ण देखिन्छन्", कँडेल भन्नुहुन्छ, "लोक कल्याणकारी राज्य, समाजवादउन्मुख अर्थतन्त्र, आदर्श राज्यको परिकल्पना संविधानले गरेको छ । तर कार्यान्वयनको पाटोबाट हेर्दा अस्थिरता मात्रै सिर्जना भइरहेको देखियो । सङ्क्रमणकाल कहिल्यै नसिद्धिने अवस्था भयो ।"

विकास र समृद्धिका लागि सबै व्यक्ति र दल जिम्मेवार भएर लाग्नुपर्नेमा त्यसो हुन नसकेको उहाँको बुझाइ छ । "सबै जिम्मेवार छन्, तर कोही पनि जिम्मेवार छैनन्को स्थिति अहिले छ । बिग्रिँदा कसले जिम्मा लिने भन्ने पनि भएन । व्यक्ति पनि भएनन् र दलहरु पनि भएनन्", कँडेल भन्नुहुन्छ, "पटक-पटक परिवर्तन भइरहने सरकारबाट विकास निर्माण र आर्थिक समृद्धिलाई तीव्रता दिनेभन्दा पनि प्रतिशोध साँध्ने शैलीमा काम भयो । आफू राम्रो काम गरेर अगाडि जानेभन्दा पनि अरूलाई कमजोर बनाएर माथि जाने शैली र नियतबाट काम भइरहेको छ ।"

राजनीतिक अस्थिरताका कारण पछिल्लो डेढ दशक खेर गएको र नेपालले समृद्धिका लागि गुमाएको यो अवधिलाई आउँदो पुस्ताले माफ गर्न नसक्ने उहाँको भनाइ छ । शासन व्यवस्थाप्रति नागरिक तहबाट अहिले देखिएको वितृष्णाको मुख्य कारण पनि यही रहेको कँडेल बताउनुहुन्छ ।

"अर्थतन्त्र कमजोर भएपछि सामाजिक मनोविज्ञान पनि राम्रो हुँदैन । छिटो-छिटो परिवर्तन चाहने हाम्रो समाज यही कारणले उद्वेलित छ । राम्रो काम गरेर अघि बढ्नेभन्दा पनि अरू नै हिसाबले कमाउने महत्वाकाङ्क्षा राखिरहेको देखिन्छ", उहाँले भन्नुभयो, "हामीमा अन्तर्राष्ट्रिय क्षेत्रसँग तुलना गर्ने प्रवृत्ति छ । मानिसहरू आफ्नो कर्तव्य पालना गर्नेभन्दा पनि अरूका कर्तव्यका बारेमा बढी सचेत भएको देख्छु ।"

त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्राध्यापक डा सञ्जय आचार्य राज्य व्यवस्था परिवर्तन हुँदा जनजीविकाका मुद्दा परिवर्तन हुन्छन् भन्ने नागरिक आकाङ्क्षा पूरा हुन नसकेको बताउनुहुन्छ । "स्वास्थ्य, शिक्षा, रोजगारीका कुरामा सर्वसाधारणले महसुस गर्ने ढङ्गको परिवर्तन भइदिएको भए सबैलाई मुलुक सही बाटोमा गइरहेको छ भन्ने हुन्थ्यो", आचार्य भन्नुहुन्छ, "अहिले लाखौं नेपाली श्रमको अवसर नपाएर विदेश गइरहेका छन् । मुलुकभित्र सम्भावना, अवसर छैनन् भन्ने खालको सन्देश गएको छ । यो डरलाग्दो छ ।"

नयाँ संविधान र शासन व्यवस्था आए पनि रोजगारी र जनजीविकाका सवालमा तात्विक परिवर्तन भएन । गत वर्षमात्रै वैदेशिक रोजगारीका लागि ६ लाख र अध्ययनका लागि दुई लाख गरी आठ लाख व्यक्ति विदेसिएको उहाँको भनाइ छ । सँगसँगै पछिल्लो समय राष्ट्र, राष्ट्रियता र परराष्ट्र नीति सम्बन्धमा पनि कमजोरी देखिन थालेको आचार्य बताउनुहुन्छ ।

विद्यमान संविधानको एउटा महत्वपूर्ण पाटो सङ्घीयता हो । तर सङ्घीयताको वित्तीय पक्षप्रति पनि जनताका धेरै गुनासा छन् । आर्थिक पक्षबाट सङ्घीयताको विश्लेषण गर्दा सरकारी खर्च बढाउने गरी संरचना थपिएको र करको भार थपिएको प्राध्यापक आचार्य बताउनुहुन्छ । "पहिले स्थानीय, जिल्ला, अञ्चल, क्षेत्रीय र केन्द्र गरी पाँच संरचना रहेको थियो । त्यसलाई स्थानीय, प्रदेश र केन्द्र तीनवटा मात्रै हुँदा प्रशासन संरचना छरितो हुन्छ, कम खर्चिलो हुन्छ, नागरिकले सहज रुपमा सेवा पाउनेछन् भन्ने भएको थियो", उहाँ भन्नुहुन्छ, "अञ्चलस्तरको र जिल्लास्तरको प्रशासन अहिले पनि कायमै देखिन्छ । हट्न पर्ने संरचना नहट्ने र अर्को संरचना थपिँदै गएपछि सङ्घीयता खर्चिलो भयो ।"

तीनवटै तहका सरकारले विभिन्न वस्तु तथा सेवा अनावश्यक करको भार थपिँदिँदा सङ्घीय संरचना थप जटिल बन्दै गएको छ । राज्यबाट पाउनुपर्ने सुविधा नपाउने, तर थप कर तिर्नुपर्दाको बेखुसी नागरिक तहमा छ । समस्या यतिमै सकिन्नन् । हाम्रो संरचनामा वर्षौंदेखि जकडिएका र नयाँ थपिएका दर्जनौं समस्या मुलुकले भोगिरहेको छ । सरकारको खर्च प्रणालीमा सुधार हुन नसक्नु, नियमित र चालु प्रकृतिको खर्च बढ्दै जानु तर पूँजीगत खर्च बढ्न नसक्नु, उत्पादन र निर्यात खस्किँदै जानु, विश्व बजारमा नेपाली वस्तु तथा सेवाको उपस्थिति घट्नु, मुद्राको क्रयशक्ति कम हुँदै जानुजस्ता पहिल्यैदेखिका समस्या सुल्झनुको साटो थप बल्झिरहेका छन् ।

सरकारले पूँजीगत खर्च कटौती गरेर नियमित खर्चमा राख्ने र विकास बजेट खर्च गर्न नसक्ने अवस्था छ । यो समस्या केन्द्र सरकारको मात्र नभएर प्रदेश र स्थानीय तहसम्मै छ । वर्षान्तमा मात्रै वार्षिक बजेटको एक तिहाइ बजेट खर्च हुन्छ । पूँजी सिर्जना गर्न नसक्ने नियमित खर्च बढेको छ भने उच्च पदस्थका सेवासुविधा र स्वास्थ्य उपचारमा ठूलो रकम खर्च भइरहेको छ ।

संविधानमा व्यवस्था भएबमोजिम राजस्व बाँडफाँट र वित्त हस्तान्तरण प्रभावकारी हुन सकेको छैन । प्रदेश र स्थानीय तहमा आयोजना बैंक र मध्यमकालीन खर्च संरचना सूचना प्रणाली लागू हुन सकेका छैनन् । आयोजना विकास तथा छनौट प्रक्रिया व्यवस्थित र पारदर्शी नभएको जनगुनासो छ । पहुँचका आधारमा बजेट छुट्याइएको भन्दै सत्तारूढ दलकै सांसदहरूले पनि संसद्मा प्रश्न उठाउनु त्यसको उदाहरण हो । सार्वजनिक वित्त व्यवस्थापनबारे प्रदेश र स्थानीय तहमा अझै क्षमता विकास हुन सकेको छैन । प्रदेश र स्थानीय तहमा सञ्चालित योजनाको अनुगमनलाई प्रभावकारी बनाउन सकिएको छैन । तीन तहका सरकारबीच समन्वय र सहजीकरणका लागि बनाइएका अन्तर प्रदेश परिषद्, प्रदेश समन्वय परिषद्, अन्तर सरकारी वित्त परिषद् लगायतका संयन्त्रहरू सक्रिय र प्रभावकारी हुन सकेका छैनन् । प्राकृतिक स्रोतको उपयोगमा तीन तहका सरकारबीच अधिकारको लडाइँ देखिएको छ । ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन र बिक्री वितरणलगायत आय ठेक्कासम्बन्धी प्रक्रिया र कार्यविधि स्पष्ट गर्ने गरी कानुन बन्न नसकेको गुनासो यथावत छ ।

यद्यपि, चालु आर्थिक वर्ष २०८०/८१ मा भएको बजेटमार्फत सरकारले वित्तीय सङ्घीयतालाई सबल बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । बजेटको बुँदा चार सय २८ मा वित्तीय सङ्घीयता कार्यान्वयनको हालसम्मको अनुभवका आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा आवश्यक परिमार्जन गरिने उल्लेख छ ।

### संकुचित सूचक

राजनीतिक अस्थिरतासँगै पछिल्लो एक दशक नेपालले भूकम्प, बाढी पहिरोजस्ता ठूला प्राकृतिक विपद्को पनि सामना गर्नुपर्यो । कोभिड-१९ महामारी, रुस-युक्रेन तनावलगायत कारणले विश्व अर्थतन्त्रमा देखिएका असरका बाछिटा नेपालमा समेत गहिरोसँग परे । आर्थिक सूचकहरूका सङ्कुचन सिलसिला अहिले पनि चलिरहेको छ । मुलुकको अर्थतन्त्रमा सुधारका गुन्जायस अझै स्पष्ट हुन सकेका छैनन् ।

आर्थिक वर्ष २०७०/७१ मा प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादन अमेरिकी डलर आठ सय २४ थियो । गत आर्थिक वर्ष २०७९/८० मा यो अमेरिकी डलर एक हजार तीन सय ९९ पुगेको छ ।

त्यस्तै, आठ वर्षअघि प्रतिव्यक्ति कूल राष्ट्रिय आय अमेरिकी डलर आठ सय ३६ बराबर रहेकामा गत आर्थिक वर्षमा अमेरिकी डलर एक हजार चार सय १० बराबर छ । जबकि, १५औं पञ्चवर्षीय आवधिक योजनाले चालु आर्थिक वर्षको अन्त्यसम्ममा प्रतिव्यक्ति कूल राष्ट्रिय आय अमेरिकी डलर एक हजार पाँच सय ९५ पुर्याउने लक्ष्य राखेको छ । जुन लक्ष्य पूरा हुने देखिँदैन ।

आर्थिक सर्वेक्षण २०७९/८० अनुसार पछिल्लो दशकमा कूल गार्हस्थ्य उत्पादनको तुलनामा कूल गार्हस्थ्य बचतको अनुपात औसत आठ दशमलव सात प्रतिशत बराबर मात्रै छ । ब्याजदरमा भएको वृद्धिका कारण कर्जा प्रवाहमा आएको कमी र उच्च मूल्यवृद्धिले आर्थिक गतिविधि सुस्ताएको छन् । पन्ध्रौं आवधिक योजनाको लक्ष्यलाई आधार मान्ने हो भने चालु आर्थिक वर्षको अन्त्यसम्ममा सरकार दोहोरो अङ्कको आर्थिक वृद्धिदर हासिल गरिसक्नुपर्ने हुन्छ । तर पछिल्ला वर्षमा आर्थिक वृद्धिदर सन्तोषजनक देखिएको छैन ।

आर्थिक वर्ष २०७०/७१ मा नेपालको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धिदर आधारभूत मूल्यमा पाँच दशमलव ७४ प्रतिशत बराबर थियो । भूकम्प गएको वर्ष र त्योभन्दा पछिल्लो वर्ष लक्षित वृद्धिदर हासिल हुन सकेन । तर आर्थिक वर्ष २०७३/७४ मा आठ दशमलव पाँच सय ८९ प्रतिशत वृद्धिदर हासिल गरेको देखिन्छ । आर्थिक वर्ष २०७६/७७ जिडिपीमा दुई दशमलव ४२ प्रतिशतको नकारात्मक वृद्धिदर देखियो । अघिल्ला दुई आर्थिक वर्षमा क्रमशः चार दशमलव ४९ र पाँच दशमलव २५ प्रतिशत बराबर देखिएको आर्थिक वृद्धिदर गत आर्थिक वर्षमा भने दुई प्रतिशत हाराहारीमा खुम्चिने देखिएको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कअनुसार पछिल्लो पाँच वर्षमा नेपालको सार्वजनिक ऋण दोब्बर भएको छ भने पछिल्लो एक दशकमा चार गुणाले बढेको छ । आर्थिक वर्ष २०७०/७१ मा नेपालको सार्वजनिक ऋण रु पाँच खर्ब ५३ अर्ब ५० करोड ७० लाख बराबर थियो भने उक्त वर्ष जिडिपीमा सार्वजनिक ऋणको अनुपात २८ दशमलव ५१ प्रतिशत बराबर थियो । गत आर्थिक वर्ष २०७९/८० को अन्तसम्ममा नेपालले तिर्न बाँकी सार्वजनिक ऋण रु २२ खर्ब २१ अर्ब ६७ करोड ८५ लाख बराबर पुगेको छ । जसमध्ये रु ११ खर्ब २८ अर्ब ३२ करोड ९२ लाख बराबर आन्तरिक र रु १० खर्ब ९३ अर्ब ३४ करोड ९३ लाख बराबर बाह्य ऋण हो । अहिले जिडिपीमा सार्वजनिक ऋणको अनुपात ४५ प्रतिशत हाराहारी पुगिसकेको छ ।

आर्थिक वर्ष २०७२/७३ मा नेपालको वार्षिक राजस्व सङ्कलन रु चार खर्ब ८१ अर्ब ९६ करोड बराबर थियो । गत आर्थिक वर्ष सरकारले कूल रु नौ खर्ब ५८ अर्ब हाराहारी राजस्व उठाएको देखिन्छ । त्यस्तै, बजेट खर्चको प्रवृत्ति हेर्दा चालु शीर्षकको खर्च अत्यधिक बढिरहेको छ । आर्थिक वर्ष २०७१/७२ मा सरकारको कूल बजेट रु छ खर्ब १८ अर्बको हुँदा वार्षिक खर्च रु पाँच खर्ब ३१ अर्ब बराबर थियो । गत आर्थिक वर्षका लागि कूल रु १७ खर्ब ९३ अर्बको बजेट रहेकामा १४ खर्ब २९ अर्ब बराबर खर्च भएको छ । गत वर्ष कूल आयभन्दा बढी भएको व्यय अर्थात् बजेट घाटा रु तीन खर्ब ९७ अर्ब ८७ करोड १९ लाख बराबर देखिएको छ ।

नेपाली मुद्राको क्रयशक्ति घट्दो क्रममा छ । आर्थिक वर्ष २०७०/७१ मा विनिमयदर एक अमेरिकी डलर बराबर ९८ रुपैयाँ २१ पैसा बराबर थियो । तर अहिले नेपाली मुद्रा कमजोर र अमेरिकी डलरको भाउ अकासिएर नयाँ रेकर्ड बनेको छ । नेपाल राष्ट्र बैंकले मङ्गलबारका लागि सार्वजनिक गरेको विदेशी विनिमयदरअनुसार एक अमेरिकी डलर बराबर एक सय ३३ रुपैयाँ ५४ पैसा पुगेको छ ।

आर्थिक आधारको सबलीकरणका लागि प्राथमिक क्षेत्रको सबलीकरण, द्वितीय क्षेत्रको विकास तथा विस्तार र सेवा क्षेत्रको स्थायित्व अपरिहार्य हो । तर कृषियोग्य जमिन र उत्पादन घट्दो छ । अधिकांश उद्योगहरू बन्द हुने अवस्थामा पुगेको निजी क्षेत्रले बताउँदै आएको छ । कोभिड-१९ महामारीपछि पर्यटन र होटलव्यवसाय सेवा क्षेत्र लयमा फर्कन सकेको छैन ।

### सुधारका अवसर

सबै राजनीतिक दलले आर्थिक एजेन्डालाई पहिलो प्राथमिकता बनाएर अघि बढ्न सके अर्थतन्त्रमा सुधारका सङ्केत देखिँदै जाने आशा अझै बाँकी छ । अहिले विप्रेषण आप्रवाह राम्रो रहेकाले त्यसले राजस्वमा पर्याप्तता दिने र अलिकति मात्रै विश्वासको वातावरण बनाउन सके अर्थतन्त्र सुध्रिने योजना आयोगका पूर्वउपाध्यक्ष कँडेल बताउनुहुन्छ । पूँजीगत खर्च बढाउने र अहिले निर्माणाधीन रहेका पूर्वाधार आयोजना तीव्र रुपमा अघि बढाउन सकियो भने त्यसले अर्थतन्त्रलाई गति दिने उहाँको बुझाइ छ ।

सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत दोस्रो चरणको आर्थिक सुधारको प्रयास थालिएको बताउँदै आएको छ । मौद्रिक नीति र वित्तीय नीतिको सामञ्जस्यता मिलाएर आर्थिक समृद्धि हासिल गर्नेगरी बजेटमा विभिन्न कार्यक्रम राखिएका छन् । त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेमा अपेक्षित नतिजा आउन सक्छ । आन्तरिक पूँजीले विकास र समृद्धिको माग पूरा गर्न नसकेपछि बाह्य लगानी खोज्नुपर्ने हुन्छ । बाह्य लगानी आकर्षित गर्नका लागि आन्तरिक निजी क्षेत्रको मनोबल बढाउनु र लगानीयोग्य वातावरण बनाउनु पहिलो सर्त हो ।

त्यसैगरी, सरकारले 'सुशासन, सामाजिक न्याय र समृद्धि' को सोचसहित सोह्रौं आवधिक योजनाको

*बाँकी अन्तिम पृष्ठमा*

# विश्व समाचार

## पूर्वप्रधानमन्त्री सरिफद्वारा सरकारको आलोचना

इस्लामावाद, ३ असोज (रासस/एएनआई) ।

प्रवासमा रहनुभएका पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज सरिफले पाकिस्तान सरकार आलोचना गर्नुभएको छ । स्वदेश फर्कनुअघि लाहोरमा एकत्र भएका पार्टीका नेता तथा कार्यकर्तालाई सम्बोधन गर्दै पाकिस्तान मुस्लिम लिगका प्रमुख उहाँले देशको वर्तमान आर्थिक स्थिति नाजुक हुनु सत्तामा रहेका नेताका कारण भएको बताउनुभयो । "छिमेकी देश भारत चन्द्रमामा पुगिसक्यो र उसले आर्थिक रुपमा सबल देशका नेताहरूको साझा मञ्च जी ट्वेन्टी शिखर बैठक आयोजना गरिसक्यो हामी भने राज्य सञ्चालनका निम्ति रकम नभएर यो देश र त्यो देशसँग सहायता माग्न हिँडिरहेका छौं । पाकिस्तानका गरिबलाई रोजीरोटी जुटाउन धौ-धौ परेको छ, हाम्रा प्रधानमन्त्री पैसा माग्दै एउटा देशबाट अर्कोमा गइरहनुभएको छ," हामीले पाकिस्तानका नेताले देश र जनताका निम्ति केही नगरेकामा रोष प्रकट गर्दै नेता सरिफले भन्नुभयो ।

पाकिस्तानले एक अर्ब डलरका लागि चीन वा खाडी देशहरूसँग हात फैलाउनुपर्ने लज्जाजनक परिस्थिति सामना गर्नुपरेकामा आक्रोशित हुँदै पूर्वप्रधानमन्त्री सरिफले देशलाई अहिलेको आर्थिक स्थितिमा पुर्याउने सबै 'अपराधी' हुन् भन्नुभयो । सन् १९९० मा आफूले प्रारम्भ गरेको आर्थिक सुधारका नीतिलाई भारतले समेत कार्यान्वयन गरेको बताउँदै 'अटलबिहारी बाजपेयी प्रधानमन्त्री हुँदा भारत सरकारसँग एक अर्ब डलरमात्र थियो तर अहिले भारतसँग छ खर्ब डलर राज्य कोषमा छ, हामी भने एक अर्ब डलर ऋण कसैले दिन्छ भन्दै हिँडिरहेका छौं, हामी भारतलेजस्तै किन प्रगति गर्न सक्दैनौं ?' उहाँले प्रश्न गर्नुभयो । हाल पाकिस्तान जटिल आर्थिक अवस्थाबाट गुज्रिरहेको छ । विदेशी नियोगमा कार्यरत कर्मचारीलाई समयमै तलबभत्ता निकासा गर्न इस्लामावादलाई हम्मेहम्मे परेको छ । पाकिस्तानको इतिहासमा आजसम्म नभएको मुद्रास्फीतिलाई पनि इस्लामावादले झेलिरहेको छ । बेलायतमा निर्वासित जीवन बिताइरहनुभएका पूर्वप्रधानमन्त्री सरिफ आगामी कात्तिक ४ गते स्वदेश फर्कने उहाँका भाइ एवं पूर्वप्रधानमन्त्री शेहवाज सरिफले बताउनुभएको छ ।

## 'पृथकतावादीहरूले हतियार बिसाउनै पर्छ'

बाकु, ३ असोज (रासस/एएफपी) ।

अर्मेनियाली पृथकतावादीहरूले आफ्ना हतियार नबिसाएसम्म अजरबैजानले सैनिक कारबाही नरोक्ने दृढता व्यक्त गरेको छ । राष्ट्रपति इल्हाम अलीयेभले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनसँग भएको टेलिफोन वार्तामा अर्मेनियाली पृथकतावादीहरूले आफ्ना हतियार बिसाएमा नागोर्नो-काराबाखमा थालिएको सैन्य कारबाही समाप्त हुने बताउनुभएको राष्ट्रपतिको कार्यालयले बुधबार विज्ञप्ति निकालेर बताएको हो । राष्ट्रपति अलिएभले विदेशमन्त्री ब्लिन्केनलाई यदि काराबाख सेनाले हतियार बिसाएमा आतङ्कवादविरुद्धको कारबाही रोकिने बताउनुभएको विज्ञप्तिमा उल्लेख छ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले बुधवार नागोर्नो-काराबाखमा जारी हिंसा तत्काल अन्त्य गर्न आह्वान गर्नुभएको छ । अजरबैजानले पृथकतावादी काराबाख सेनाविरुद्ध सैन्य कारबाही सुरु गरेको सन्दर्भमा महासचिवको यस्तो आह्वान आएको हो । महासचिव गुटरेसका प्रवक्ता स्टेफेन डुजारिकले नागोर्नो-काराबाख लडाइँ अविलम्ब अन्त्य हुनुपर्नेमा महासचिवले जोड दिनुभएको तथा उहाँले काराबाख क्षेत्रमा तनाव कम गर्न तथा २०२० को युद्धविराम एवं अन्तरराष्ट्रिय मानवीय कानूनका सिद्धान्तहरूलाई पूर्णरुपेण पालना गर्न आह्वान गर्नुभएको बताएका छन् । यसैबीच, आर्मेनियाको अतिवादी समूहले नागोर्नो-काराबाख क्षेत्रमा बिछ्याएको बारुदी सुरुङमा परेर मङ्गलबार जना चार जना प्रहरीसहित सात जना अजरबैजानीको मृत्यु भएको थियो । काराबाख क्षेत्रको खोड्झाभेन्स्की जिल्लामा बिछ्याइएको बारुदी सुरुङमा परी चार जना प्रहरीले ज्यान गुमाएका थिए ।

## स्थानीय कर्मचारीको पूर्ण विवरण उपलब्ध गराउन आदेश

हङकङ, ३ भदौ (रासस/एएफपी) ।

चीन सरकारले हङकङस्थित सबै वाणिज्य दूतावास /कूटनीतिक नियोगमा कार्यरत स्थानीय कर्मचारीको व्यक्तिगत विवरण उपलब्ध गराउन आदेश दिएको छ । आगामी अक्टोबर १८ सम्ममा सबै स्थानीय कर्मचारीको विवरण उपलब्ध गराउन हङकङस्थित चिनियाँ विदेश मन्त्रालयको आयुक्तको कार्यालयले आदेश दिएको हो । आयुक्तको कार्यालयले स्थानीय कर्मचारीको व्यक्तिगत विवरण लिने निर्णय अन्तरराष्ट्रिय अभ्यासअनुरूप भएको दवी गरेको छ । अब हङकङमा पनि मुख्य भूमिमा कार्यान्वयन गरिएका नियम लागू हुनेछन् । चिनियाँ पक्षले हङकङमा रहेका विदेशी कन्सुलर कार्यालयहरूको मामिला प्रचलित कानुनअनुसार र व्यावहारिक दृष्टिकोणबाट व्यवस्थापन गर्दै आएको स्पष्ट गरेको छ । चिनियाँ अधिकारीलाई बुझाउनु पर्ने सूचनामा कुन पदमा कर्मचारीले काम गरिरहेको हो, निजको आवासीय ठेगाना र परिचय पत्र नम्बरहरू समावेश गर्न निर्देशन दिइएको छ । नयाँ कामदार भर्ती गरेमा निजको विवरण पनि १५ दिनभित्र अनिवार्यरुपमा बुझाउन पत्राचार गरिएको छ । आयुक्तको कार्यालयले नयाँ नियमको उद्देश्यबारे केही खुलाएको छैन । सन् १९९७ मा बेलायतले चिनियाँ भूभाग हङकङ बेइजिङलाई हस्तान्तरण गरेको हो । विशेष स्वायत्तता शासन पद्धति अपनाइएको हङकङमा पछिल्ला दिनमा बेइजिङ विरोधी गतिविधि बढ्न थालेपछि कडा राष्ट्रिय सुरक्षा कानून लगाएर शहर व्यवस्थापन हुँदै आएको छ ।

# रुपनी र सप्तकोशीमा माओवादीको अगुवा कार्यकर्ता भेला सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) सप्तरी कमाण्ड १ को आयोजनामा गाउँपालिका स्तरीय अगुवा कार्यकर्ता भेला बुधबार सप्तरीको रुपनी गाउँपालिका वडा नं. ६ बीरेन्द्र बजारमा सम्पन्न भएको छ ।

भेलामा नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य तथा सप्तरी अभियानका ईन्चार्य पूर्वमन्त्रि महेन्द्र पासवानले अभियानले निदाएका नेता, कार्यकर्तालाई ब्युझाउनुको साथै अब नेता, कार्यकर्तालाई मानसिक रुपमा पार्टीप्रति प्रतिबद्ध बनाउनु उद्देश्य रहेको बताए ।

उनले अहिलेको संसदीय निर्वाचन प्रणाली महंगो भएकोले गरिव, दलित लगायतका समुदायलाई सहभागी बनाउन निर्वाचन प्रणालीमा आमुल परिर्वतन अपरिहार्य रहेकोले देशमा



राष्ट्रपति कार्यकारी र सांसदहरु समानुपातिक हुनु पर्ने माओवादीको एजेण्डालाई सम्पुर्ण राजनैतिक पार्टीले सहयोग गर्न आग्रह गरे ।

पालिकाका संयोजक सिहेश्वर साहको अध्यक्षतामा आयोजित कार्यक्रममा बिशिष्ठ अतिथि बैकल्पिक केन्दिय सदस्य अरुणकुमार साह, पुर्व प्रदेश सदस्य छेदी रजक (विमल), अखिल किसान महासंघका मधेस प्रदेशका ईन्चार्ज हरिनारायण महतो, अखिल शिक्षक संगठनका केन्दिय सदस्य बिक्रम साह, पुर्व जिल्ला सदस्यत्रय राजु जयसवाल, तेजनरायण यादव, देवलाल माली, प्रभात चौधरी लगायतले समसामयिक विषय वस्तुका साथै अभियानको वारेमा आ- आफ्नो शुभकामना मन्तब्य राखेका थिए ।

यस्तै बुधबारै सो पार्टीको सप्तरी कमाण्ड १ को आयोजनामा नगर स्तरीय अगुवा कार्यकर्ता भेला जिल्लाको सप्तकोशी नगरपालिका वडा नं. ८ ओद्राहामा सम्पन्न भएको छ ।

# प्रेस युनियनद्वारा परामर्श समिति गठन

काठमाडौँ, ३ असोज (रासस) ।

नेपाल प्रेस युनियनले 'नेपाल प्रेस युनियन केन्द्रीय परामर्श समिति' गठन गरेको छ । युनियनका अध्यक्ष शिव लम्सालले बुधबार ६१ सदस्यीय केन्द्रीय परामर्श समिति गठन गरिएको जानकारी दिनुभयो ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, लोकतन्त्रको प्रवर्द्धन, युनियनको संस्थागत विकास र संगठनको मूल्य-मान्यता र आदर्शलाई आत्मसाथ गर्दै युनियनको बृहत् हितका लागि समिति गठन गरेको उहाँको भनाइ छ ।

समितिमा नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष हरिहर विरही, किशोर नेपाल, नेपाल प्रेस युनियनका संस्थापक अध्यक्ष हरि अधिकारी, पूर्वअध्यक्ष रमेश तुफान, वरिष्ठ पत्रकार पुरुषोत्तम दाहाल, तेजप्रकाश पण्डित, नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष सुरेश आचार्य, प्रेस युनियनका पूर्वअध्यक्ष तारा बराल, कुलचन्द्र वाग्ले, प्रेस काउनिसलका पूर्वअध्यक्ष राजेन्द्र दाहाल हुनुहुन्छ ।

साथै नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष विष्णु निष्ठुरी, प्रेस युनियनका पूर्वअध्यक्ष मुरारी शर्मा, समीरजङ्ग शाह, किरण पोखरेल, युनियनका संस्थापक शोभाकर पराजुली, वरिष्ठ पत्रकार श्री आचार्य, कविर राणा पनि हुनुहुन्छ ।

समितिमा प्रेस युनियनका पूर्ववरिष्ठ उपाध्यक्ष दामोदरप्रसाद दवाडी, पूर्वउपाध्यक्ष गङ्गाधर पराजुली, रमेश पौडेल, पूर्वमहासचिव रमेश पौडेल, तरुण पौडेल, विन्दुकान्त घिमिरेलाई समावेश गरिएको छ । परामर्श समितिमा युनियनका अग्रज सुवास ढकाल, डा नवराज लम्साल, गेजा शर्मा वाग्ले, उमिद बाग्चन, कृष्ण केसी, कन्हैयालाल केसरी, हरि लम्साल, हर्ष सुब्बा, झपिन्द्र गैरे हुनुहुन्छ । साथै सञ्जय सन्तोषी राई, नारायण कार्की, हरिविनोद अधिकारी, विश्वमणि पोखरेल, निर्मला आचार्य, भारती उपाध्याय, ओमप्रकाश शर्मा, चिरञ्जीवी अर्याल, खगेन्द्र खत्री, केदार कोइराला, केदार सुवेदी, शिवककुमार भट्टराई, केदार भट्टराई, प्रकाश रिमाल, सितल कोइराला, हेमन्त कर्माचार्य, डिआर पन्त, हिमांशु चौधरी, जगन्नाथ आचार्य, परशु घिमिरे, मुरलीप्रसाद यादव, मुकुन्द दाहाल, कृष्ण आचार्य, रिता गुरुङ, बालनरसिंह गुरुङ, कृष्णचन्द्र मिश्र, राकेश बस्याल, गोविन्द क्षेत्री, रामभरत शाह, राजन कुइँकेल पनि समितिमा हुनुहुन्छ ।

समितिको आवश्यकता अनुसार बैठक राखेर युनियनको संस्थागत विकासका लागि आवश्यक परामर्श लिने युनियनका महासचिव दिलीप पौडेलले जानकारी दिनुभयो ।


**डा. कालीप्रसाद यादव**

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८११८७**


### *संविधान दिवसको...*

संविधानसभा सदस्य अशोक कुमार मण्डल (अमर), प्रमुख जिल्ला अधिकारी किरण थापा, नेपाल प्रहरीका प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्की, सशस्त्र प्रहरी उपरिक्षक धन बहादुर सिह, नेपाली सेना बरख गणका गणपती रमेश पाण्डे, जिल्ला समन्वय समितीका प्रमुख शिव नारायण साह, नागरीक समाज सप्तरीका अध्यक्ष थानसिह भन्साली, राष्ट्रिय अनुसन्धानका निर्देशक सुरेन्द्र कोइराला, डिभिजन बन कार्यालयका प्रमुख हेमन्त प्रसाद साह, राजविराज नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत विष्णु गुरुङ्ग, नेपाली काँग्रेसका सचिव सनत मण्डल, नेकपा एकिकृत समाजवादीका अध्यक्ष प्रताप नारायण चौधरीसहित विभिन्न विद्यालयका छात्रछात्राहरुको सहभागिता रहेको थियो ।



नेवि संघ सप्तरीले संविधान दिवसको अवसरमा बुधबार साँझ राजविराजस्थित जनआन्दोलन चौकमा मैनबत्ति प्रज्वलन गर्दै । सो अवसरमा नेपाली काँग्रेस सप्तरीका उपसभापति रामकुमार यादव, सचिव सनत मण्डल, नेवि संघका सभापति राकेश ठाकुर लगायत पार्टी आवद्ध विभिन्न भातृ संघ संगठनका पदाधिकारीको सहभागिता रहेको थियो । *तस्बिर : राजविराज दैनिक*

# विधेयकप्रति असन्तुष्टि जनाउँदै शिक्षक महासंघ धर्नामा

काठमाडौँ, ३ असोज (रासस) ।

सङ्घीय संसद्मा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी विधेयकमा केही प्रावधानमा असन्तुष्टि जनाउँदै नेपाल शिक्षक महासङ्घले बुधबारदेखि काठमाडौँको माइतीघर मण्डलामा धर्ना सुरु गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले मङ्गलबार दिउँसो ३ बजे बोलाउनुभएको वार्तालाई अस्वीकार गर्दै महासङ्घ आन्दोलनमा उत्रेको हो । महासङ्घले मन्त्रीबाट आफ्ना माग सम्बोधन हुन नसक्ने जनाउँदै धर्ना सुरु गरेको हो ।

गत वर्षको तथ्याङ्अनुसार हाल मुलुकभर २७ हजार तीन सय ४३ सामुदायिक विद्यालय छन् भने स्थायी, अस्थायी र राहत गरी एक लाख ५७ हजार तीन सय ५४ शिक्षक कार्यरत छन् । यस्तै सामुदायिक विद्यालयमा ५३ लाख ८२ हजार छ विद्यार्थी छन् ।

मुलुकका विभिन्न जिल्लाबाट आएका शिक्षक र विद्यालय कर्मचारीको धर्नामा संलग्नता छ । महासङ्घले अस्थायी प्रकृतिका शिक्षकहरूको स्थायित्व, विद्यालय कर्मचारीको दरबन्दी सृजना, विद्यालय संरचनाबाहिर रहेका बाल कक्षा शिक्षक, अस्थायी अवधि गणना तथा निवृत्तिभरण, शिक्षक बढुवा, प्रधानाध्यापक नियुक्ति, सरुवा र कार्यसम्पादन मूल्याङ्कन लगायतका विषयमा सम्बोधन माग गर्दै आएको छ ।

महासङ्घका महासचिव लक्ष्मीकिशोर सुवेदीले आन्दोलनमा भाग लिन काठमाडौँमा आउन शिक्षक र कर्मचारीलाई आग्रह गरिएको जानकारी दिनुभयो । उहाँले सरकार र महासङ्घबीच २०७५ फागुन ९ गते र २०७८ फागुन ९ गते भएका सम्झौताहरूलाई विधेयकले यथोचित सम्बोधन नगरेको गुनासो गर्नुभयो । सरकारले विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक गत भदौ २७ गते प्रतिनिधिसभामा दर्ता गरेको थियो ।

### *नसकिएको संक्रमणका ...*

अवधारणापत्र तयार पारेको छ । यो आवधिक योजनालाई पनि कार्यान्वयनयोग्य र नतिजामुखी बनाउन जरुरी छ । नयाँ आवधिक योजनाले राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा सुशासन कायम गर्ने उद्देश्य राखेको छ । त्यो पूरा गर्ने दृढ इच्छाशक्तिसहितको कार्ययोजना तयार पारिनुपर्दछ ।

त्यस्तै, स्वास्थ्य, शिक्षा, रोजगारी, आवासलगायतका क्षेत्रमा सामाजिक न्याय स्थापित गर्नु, सामाजिक जीवन, आर्थिक विकास र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु पनि सोह्रौँ योजनाको उद्देश्यमा रहेको छ । नयाँ आवधिक योजनाले 'विकासका काममा देखिएका संरचनात्मक अवरोधको पहिचान, सम्बोधन र निराकरण गर्दै संरचनात्मक रुपान्तरणमार्फत सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने' रणनीति तय गरेको छ । तय भएका लक्ष्य, उद्देश्य प्राप्त गर्नका लागि तयार पारिएका रणनीति कार्यान्वयनमा विशेष जोड दिन आवश्यक छ ।

# नेपालको आर्थिक वृद्धिदर यस वर्ष १.९ र आगामी वर्ष ४.३ प्रतिशत रहने एडिबीको अनुमान

काठमाडौँ, ३ असोज (रासस) ।

एसियाली विकास बैंक ( एडिबी) ले नेपालको आर्थिक वृद्धिदर सन् २०२३ मा एक दशमलव नौ र सन् २०२४ मा चार दशमलव तीन प्रतिशत रहने प्रक्षेपण सार्वजनिक गरेको छ ।

एडिबीले 'एसियन डेभलपमेन्ट आउटलुक, सेप्टेम्बर २०२३' प्रतिवेदन सार्वजनिक गर्दै यो वर्षको तुलनामा आगामी वर्ष आर्थिक वृद्धिदरमा केही वृद्धि हुने अनुमान सार्वजनिक गरेको हो ।

त्यस्तै, नेपालमा सन् २०२३ मा मुद्रास्फीति सात दशमलव सात प्रतिशत रहने अनुमान एडिबीको छ । सन् २०२४ मा भने त्यो घटेर छ दशमलव दुई प्रतिशत कायम हुने प्रक्षेपण गरिएको छ । नेपालले वस्तु आयात गर्ने सबैभन्दा ठूलो मुलुक भारतमा सन् २०२४ मा मूल्यवृद्धि घट्ने अनुमान गरिएका कारण नेपालमा पनि त्यसको सकारात्मक प्रभाव देखिने अनुमान एडिबीको छ ।

अर्थतन्त्र सुधारोन्मुख देखिए पनि चुनौती भने कायमै रहेको जनाइएको छ । आर्थिक वृद्धिदर बढिरहेको र मूल्यवृद्धि सन्तुलनमा रहेको देखिए पनि नेपालमा जोखिम भने अझै बाँकी रहेको एडिबीका प्रमुख अर्थशास्त्री जान हनसेनले उल्लेख गर्नुभयो ।

"मूल्य र बाह्य क्षेत्रमा केही स्थायित्व देखिए पनि वित्तीय चुनौती कायमै छन् । सन् २०२४ मा नेपालले आफ्नो कूल गार्हस्थ्य उत्पादनको दुई दशमलव चार प्रतिशत बराबर वित्त घाटा व्यहोर्ने अनुमान गरिएको छ । यदि नेपालले लक्ष्यअनुसार राजस्व उठाउन सकेन भने यो अझ बढ्नसक्नेछ", उहाँले भन्नुभयो ।

स्थिर मूल्यवृद्धि र पर्याप्त वैदेशिक मुद्रा सञ्चितिका कारण अहिले मुख्यगरी बाह्य क्षेत्र सन्तुलन र समग्र अर्थतन्त्रमा पनि सुधारका सङ्केत देखिन थालेको छ । नेपाल राष्ट्र बैंकले चालु आवको मौद्रिक नीतिमार्फत सात प्रतिशतको नीतिगत दरलाई घटाएर साढे छ प्रतिशत बनाएको थियो । यसले ब्याजदर घटाउन सहयोग गर्ने र आर्थिक गतिविधिलाई चलायमान बनाउने देखिएको एडिबीले जनाएको छ ।

घरजग्गा, थोक तथा खुद्रा व्यापार र सेवा क्षेत्रमा विस्तार हुनसके अर्थतन्त्र थप सुदृढ हुँदै जाने ठानिएको छ । यस वर्ष समयमा पानी पर्न नसकेका कारण पूर्वी तराईका जिल्लामा धान रोपाइँ ढिलो भएको थियो । यसले कृषि उत्पादन घट्न सक्नेतर्फ एडिबीले सङ्केत गरेको छ । त्यस्तै, पशु चौपायामा देखिएको लम्पी स्किन रोगका कारण पनि अर्थतन्त्रमा केही नकारात्मक प्रभाव देखिने पनि प्रतिवेदनमा उल्लेख छ ।

अहिले नेपालको अर्थतन्त्रमा बाह्य क्षेत्र जोखिम घट्दै गएको एडिबीको भनाइ छ । आयातमा केही कडाइ गर्ने गरी राष्ट्र बैंकले मौद्रिक नीतिमा केही व्यवस्था गरेपछि विदेशी मुद्रा सञ्चिति बढेर बाह्य क्षेत्र सन्तुलनमा आएको थियो । स्थिर विप्रेषण आप्रवाह र चर्को आयातका बीच सरकारको चालु खाता घाटा सन् २०२४ मा जिडिपीको एक दशमलव आठ प्रतिशत बराबर पुग्ने अनुमान एडिबीको छ ।

एशिया प्रशान्त क्षेत्रको आर्थिक वृद्धिदर सन् २०२३ मा चार दशमलव सात प्रतिशत र सन् २०२४ मा चार दशमलव आठ प्रतिशत रहने अनुमान एडिबीको छ । त्यस्तै यो क्षेत्रको मुद्रास्फीति सन् २०२२ मा चार दशमलव चार प्रतिशत रहेकोमा सन् २०२३ मा तीन दशमलव छ प्रतिशत र सन् २०२४ मा तीन दशमलव पाँच प्रतिशत अनुमान गरिएको छ ।

आन्तरिक माग बढ्दै गएको, पर्यटन क्षेत्र लयमा फर्किन थालेकोलगायतका कारण एसिया र प्रशान्त क्षेत्रमा अर्थतन्त्रको अवस्था सुधारोन्मुख रहेको एडिबीले जनाएको छ । यद्यपि उच्च ब्याजदर र खाद्य सुरक्षाको चुनौती भने कायमै रहेको प्रतिवेदनमा उल्लेख छ ।

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*